☎ : ४४४०१०२, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :- (०७३/७४)
चलानी नं. :- ४४९

मिति : २०७३/०७/०७ गते ।

## प्रेस बिज्ञप्ती

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त दीप बस्न्यातले आयोगका कर्मचारीहरुलाई निष्ठापूर्वक कार्यसम्पादन गर्न निर्देशन दिनुभएको छ ।

आयोगका माननीय प्रमुख आयुक्त लोकमान सिंह कार्कीमाथि व्यवस्थापिका संसदमा महाअभियोग प्रस्ताव पेश भएपछिको परिवर्तित सन्दर्भमा आयोगमा कार्यरत कर्मचारीहरुलाई निर्देशन दिनुहुंदै कार्यबाहक प्रमुख आयुक्त बस्न्यातले कर्मचारीहरुले आयोगद्वारा निर्धारित आचरण र संबैधानिक तथा कानूनि म्यान्डेटको इमान्दारीपूर्वक परिपालना गर्नुपर्ने बताउनुभयो ।

आयोग नेतृत्व बिरुद्दको महाअभियोग प्रस्तावले सिङ्गो आयोग परिवारलाई आहात तुल्याएको बताउनुहुंदै कार्यबाहक प्रमुख आयुक्तले आयोग एउटा जीवन्त संस्था भएको हुंदा निश्चित घटना बिशेषका आधारमा आयोगलाई प्राप्त संबैधानिक दायित्व र कार्यसम्पादनको प्रभावकारितामा बिचलन नआउने स्पष्ट पार्नुभयो ।

आयोग नेतृत्व माथिको महाअभियोगको प्रस्तावले संबिधान बमोजिम सार्वभौम संसदमा प्रवेश पाइसकेको हुंदा अब यो विषय संबैधानिक प्रक्रियाबाटै निरुपण हुने उल्लेख गर्नुहुंदै वहांले सो बिषयमा सार्वभौम संसदले गर्ने निर्णय सबैका लागि शिरोधार्य हुने बताउनुभयो ।

"आयोगमा कार्यरत प्रत्येक कर्मचारीले आफू संबेदनशील र महत्वपूर्ण निकायमा कार्यरत रहेको तथ्यबोध गर्दै आयोगको मर्यादा, प्रतिष्ठा र छवीलाई उंचो तुल्याउने ढंगबाट कार्यसम्पादनलाई तीव्रता दिनुपर्छ", वहांले भन्नुभयो ।

☎ : ४४४०१०२, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-



आयोगको अनुसन्धान प्रकृया र तिनको गोपनियताको प्रश्न अत्यन्तै संवेदनशील र मार्मिक भएको हुंदा त्यसप्रति जिम्मेवार रहन कर्मचारीहरुलाई निर्देशन दिनुहुंदै वहांले कुनै पनि बिषय माथिको आयोगको आधिकारिक धारणा प्रवक्ता वा सुचना अधिकारी मार्फत मात्र सार्वजनिक हुने तथ्य स्मरण गराउनुभयो ।

आयोगको अनुसन्धान प्रकृयामा समयको समेत कानुननः पावन्दी रहेको हुंदा सम्बन्धित अनुसन्धान अधिकृतहरुलाई त्यसतर्फ समेत ध्यान दिन वहांले निर्देशन दिनुभयो ।

पीडितले न्याय नपाएको खण्डमा आयोगको अनुसन्धानले अर्थ राख्दैन भन्नुहुंदै वहांले आयोगमा कार्यरत प्रत्येक अनुसन्धान अधिकृतले सम्बन्धित उजुरीमाथि आफूले गर्ने अनुसन्धान र सो को निष्कर्षबाट सेवाग्राहीमा कस्तो असर पर्छ भन्ने कुराको संवेदनशिलता बोध गर्नुपर्ने उल्लेख गर्नुभयो ।

आयोगप्रतिको जन-भरोसा, विश्वास र निष्ठालाई अझै सशक्त र सुदृढ तुल्याउन आयोग परिवार कटिबद्द रहेको स्पष्ट पार्नुहुंदै वहांले जनअपेक्षाको समूचित सम्बोधन नै आयोगको ध्येय र उद्देश्य रहेको बताउनुभयो।

आयोगमा प्रास उजुरीसंग सरोकार राख्ने जो-कसैलाई पनि हैरानि वा दु:ख दिने कार्य नगरि अनुसन्धानको दायरामा आएका सबैमाथि सम्मानजनक व्यवहार गर्न वहांले निर्देशन दिनुभयो। "कसूरउपर कडा तर व्यक्तिउपर नरम व्यवहार प्रदर्शन गर्नुहोस् " निर्देशनका क्रममा वहांले भन्नुभयो।

अनुसन्धानका सिलसिलामा विषयवस्तुको प्रकृति अनुरुप स्थलगत निरीक्षण, अवलोकन र मूल्याङ्कन गर्ने कार्यलाई बढि जोड दिन र सोधपुछ, बयान तथा जानकारी संकलनलाई सूचनामूलक र तथ्यपरक बनाउन समेत वहांले निर्देशन दिनुभयो ।

☎ : ४४४०१०२, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-



आयोग परिसरमा आयोजित सो कार्यक्रमलाई सम्बोधन गर्नुहुंदै आयोगका सचिव राजेन्द्र किशोर क्षेत्रीले माननीय कार्यवाहक प्रमुख आयुक्तद्वारा प्राप्त निर्देशनलाई कार्यरुपमा रुपान्तरण गर्न आयोगका सम्पूर्ण कर्मचारीहरु प्रतिबद्द रहेको बताउनुभयो ।

कार्यक्रममा आयोगका माननीय आयुक्तहरु नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी, राजनारायण पाठक, डा. साबित्री थापा गुरुङ्ग लगायत आयोगका सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

प्रवक्ता गणेशराज कार्की
सह-सचिव